परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily   राष्ट्रिय दैनिक


वर्ष : ४   अंक : १७६   पृष्ठ ४   २०८३ वैशाख ४ गते शुक्रवार   17 April, 2025   मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

अरु भन्दा फरक,सबै भन्दा विश्वस्नीय
बर्दिवासमा
WebSurfer
Fiber Internet & Iptv
नयाँ जडानका लागि
044-550565
9801042026

## जलवायु परिवर्तनको मार

# मधेशमा चर्किँदो खानेपानी सङ्कट



अजय साह । बर्दिवास

मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा देखिएको जलवायु परिवर्तनको असरले खानेपानी अभाव गम्भीर बन्दै गएको छ। महोत्तरीको उत्तरी भेगमा चैत नसकिँदै खानेपानी सङ्कट देखिन थालेको छ। हिउँदे वर्षा घट्नु, अत्यधिक गर्मी बढ्नु तथा प्राकृतिक स्रोतहरूको अव्यवस्थित दोहनका कारण यहाँका नदी, खोल्सा-खोल्सी र भूमिगत पानीका स्रोत सुक्दै जाँदा स्थानीयवासी काकाकुल बन्न थालेका छन्।

एक-डेढ दशकअघिसम्म बर्दिबास नजिकैको रातु नदीमा पौडी खेल्ने गरेको सम्झिँदै स्थानीय शंकरबहादुर थापा भन्नुहुन्छ, "पहिले खोलामा कञ्चन पानी बग्थ्यो, वरपरका जरुवा मुहानले सिँचाइ धान्थे। अहिले त्यो अवस्था कथा जस्तै भएको छ।" थापाका अनुसार अहिले नदीमा जथाभावी उत्खननका कारण नदी गहिरिँदै गएको छ भने पानीको सतह घट्दै गएको छ।

जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुमनलाल कर्णका अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) विपरीत नदीजन्य पदार्थको उत्खनन भइरहेको पाइएको छ। "स्थानीय अनुगमन संयन्त्र भए पनि प्रभावकारी रूपमा सक्रिय देखिँदैनन्," उहाँले बताउनुभयो।

चुरे विज्ञ नागदेव यादवका अनुसार चुरे क्षेत्रको वन विनाश, अतिक्रमण र अनियन्त्रित दोहनले पानी पुनर्भरण प्रणाली नै बिग्रिएको छ। चुरेलाई प्राकृतिक जलभण्डार मानिन्छ, तर यसको क्षयले मधेशका नदी-खोला सुक्दै गएका छन्। साथै, क्रसर उद्योग र ठेकेदारहरूको मिलेमतोमा भइरहेको अवैध उत्खननले भूमिगत पानीको सतह झन् तल धकेलिएको छ।

महोत्तरीको उत्तरी क्षेत्रमा पर्ने गौशाला, बर्दिबास र भङ्गाहा नगरपालिकाका बस्तीमा चैत नसकिँदै खानेपानी सङ्कट देखिन थालेको छ। बर्दिबास-१० का हरिबहादुर बलम्पाकीका अनुसार, "पहिले चैतसम्म मुहान सुक्दैनथे, अहिले त समयभन्दा अगावै पानी अभाव हुन थालेको छ।"

बर्दिबास-गौशाला क्षेत्रका स्थानीयवासीका अनुसार यस वर्ष हिउँदे वर्षा लगभग नभएकाले इनार र चापाकलमा पानीको सतह गहिरिएको छ। गौशाला-१२ का माधव मोक्तान भन्नुहुन्छ, "ढिलो पानी परेकाले मुहान रसाउन पाएको छैन, जसले पानीको समस्या झन् बढाएको छ।"

गर्मी बढेसँगै खानेपानी व्यवस्थापनमा चुनौती थपिएको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता

बाकी पृष्ठ ३......

# जोसुकै भएपनि छाड्दिनँ



टक नेपाल

गृहमन्त्री सुधन गुरुङले आफूले सुरु गरेको हाइप्रोफाइल पक्राउ शृङ्खलामा अदालतले ब्रेक लगाइदिएपछि असन्तुष्टि व्यक्त गरेका छन् ।

बिहीबार मन्त्रालयमा पत्रकारहरूले उनलाई प्रश्न गरे, 'तपाईंको रफ्तार स्लो डाउन भएको हो ?'जवाफमा मन्त्री गुरुङले हाँस्दै भने, 'खोइ त, अदालतले छाड्ने रहेछ ।'

गृह मन्त्रालयमा पत्रकारहरूसँग पहिलो पटक छलफल गरेका मन्त्री गुरुङले पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न 'हतार' भएको स्वीकार गरेका छन् ।

उनले भने, 'रातभर नसुतीकन पक्राउ गरेका थियौँ, अन्त्यमा के भयो तपाईंहरूलाई थाहै छ ।' गुरुङले थपे, 'त्यसमा अलिकति तयारी गर्नुपर्ने रहेछ भन्ने मैले महसुस गरेको छु ।' पक्राउ परेका उच्च पदस्थहरू धमाधम अदालतको आदेशमा छुटेकोबारे गुरुङले असन्तुष्टि व्यक्त गरे । 'अहिले म कानुन केलाइरहेको छु' उच्च पदस्थहरू पक्राउको शृङ्खला नरोकिने जिकिर गर्दै गुरुङले भने, 'न्यायालयलाई अब खत्रा ब्रेकफास्ट दिन्छु ।' जतिसुकै ठुलो भएपनि नछाड्ने मन्त्री गुरुङले बताए । उनले भने, 'छोड्दिन म, जतिसुकै ठुला भएपनि छोड्दिनँ ।' प्रहरीले पक्राउ गरेको आरोपीलाई न्यायालयले छाड्नै नसक्ने गरी प्रमाण सङ्कलन गरेर बुझाउने गरी आफ्नो टिमले काम गरिरहेको उनले बताए । गुरुङले भने, 'त्यसमा हाम्रो टिमले काम गरिरहेको छ ।'

पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले भदौ २३ र २४ को जेनजी आन्दोलन दमन गरेको उल्लेख गर्दै गुरुङले भने, 'अहिले म सबैलाई न्याय दिने ठाउँमा छु, त्यसैले उनलाई पनि अन्याय गर्नु हुँदैन ।'

'ओलीले हिजो हामीलाई त्यत्रो दमन गरे तर, मैले उनलाई पनि अन्याय गर्नु त भएन नि,' गुरुङले भने।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, मधेश प्रदेश

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं
गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ ।
घरैमा उपचार गर्ने ५ नियम
१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने
२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने
३ नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने
४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नबिराइकन खुवाउने
५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने
बर्दिवास नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### अमेरिका–इरान युद्धविराम

पश्चिम एसियामा अमेरिका र इरानबीच ४० दिनसम्म चलेको युद्धपछि भएको दुई साताको अस्थायी युद्धविरामले विश्वलाई क्षणिक राहत दिएको छ। तर यो शान्ति स्थायी बन्ने आधार अझै कमजोर छ । पाकिस्तानको मध्यस्थतामा भएको प्रयास सकारात्मक भए पनि इस्लामावाद वार्ता असफल हुनु गम्भीर संकेत हो । दुवै पक्ष आफ्नै अडानमा अडिग रहनुले तनाव झन् चर्किने जोखिम बढेको छ।

यो द्वन्द्व केवल दुई देशबीच सीमित छैन । हर्मुज जलमार्गको नियन्त्रण, तेल आपूर्ति र क्षेत्रीय शक्ति सन्तुलनसँग जोडिएकाले यसको प्रभाव विश्वव्यापी छ । इरानले जलमार्गलाई रणनीतिक हतियारका रूपमा प्रयोग गर्न खोज्दा र अमेरिकाले नाकाबन्दी तथा दबाब बढाउँदा स्थिति झन् जटिल बनेको छ।

युद्धले सधैं विनाश मात्र निम्त्याउँछ। यसले विश्व अर्थतन्त्र, आपूर्ति प्रणाली र आम नागरिकको जीवनमा प्रत्यक्ष असर पार्छ । त्यसैले दीर्घकालीन समाधान सैन्य होइन, संवादमै सम्भव छ ।

अतः दुवै पक्षले लचकता देखाउँदै विश्वासको वातावरण निर्माण गर्न आवश्यक छ । अन्तर्राष्ट्रिय समुदायले पनि सक्रिय भूमिका निर्वाह गर्नुपर्छ । अस्थायी युद्धविरामलाई स्थायी शान्तिमा रूपान्तरण गर्नु नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो ।

# जलवायुमैत्री कृषिमार्फत चुनौतीको सामना गर्दै किसान

• टक नेपाल



बढ्दो खडेरी, अनपेक्षित वर्षा र भूमिगत जलस्तर घट्दै जाँदा केही वर्ष अघिसम्म लक्ष्मीपुर पतारी गाउँपालिका-४ का प्रमोदकुमार मण्डललाई आफ्नो खेत बाँझै रहला कि भन्ने चिन्ताले सताउँथ्यो । आकाशे पानीको भरमा खेती गर्ने उहाँ कहिले अतिवृष्टि त कहिले अनावृष्टिको मारमा पर्नुहुन्थ्यो, अचेल भने मण्डलको त्यो चिन्ता हटेर गएको छ । उहाँले परम्परागत खेती प्रणालीलाई त्यागेर 'जलवायुमैत्री कृषि' अपनाउनुभएको छ ।

"पहिले पानी नपर्दा मल र बीउको लगानी पनि उठ्दैनथ्यो", आफ्नो अनुभव सुनाउँदै मण्डल भन्नुहुन्छ, "हाल मल्चिङ प्रविधि र थोपा सिँचाइ सुरु गरेपछि कम पानीमा पनि लटरम्म तरकारी फलेको छ । खेती गर्ने तरिका फेर्दा आम्दानी मात्र होइन, मनमा शान्ति पनि मिलेको छ ।"

मण्डल परिवार तरकारी खेतीको आम्दानीबाट जीविका चलाउँदै आएको छ । विगत छ महिनादेखि प्लास्टिक घर, थोपा सिँचाइ, गँड्यौला मल, झोल मल, कीरा नियन्त्रणका लागि आवश्यक जानकारी लिई तरकारीखेती गर्दा केही सहज भएको उहाँको भनाइ छ । मण्डल भन्नुहुन्छ, "रसायनिक मल पहिलादेखि नै न्यूनीकरण गर्दै लगेका थियौँ । एक त भनेको समयमा नपाइने, पाए तापनि माटोको उर्वराशक्ति ह्रास गर्ने र उत्पादन पनि घट्ने । जैविक मलको प्रयोगले मानव स्वास्थ्यलाई पनि राम्रो हुने भएकाले यसको उपयोग गर्न थालेका छौँ ।"

मण्डल परिवारले करिब साढे दुई कट्ठा जग्गाबाट पछिल्लो छ महिनामा मात्रै काउली खेतीबाट रु ४० हजार, टमाटरबाट रु ५० हजार, च्याउबाट रु २० हजार र सागसब्जीबाट रु नौ हजार आम्दानी गरिसकेको छ । उहाँले खेतीलाई वातावरण अनुकूल बनाउन तापक्रम नियन्त्रण गर्ने टनेल हाउस र सिँचाइका लागि सोलार प्रणाली जडान गरी लाभ लिइरहेको सुनाउनुभयो ।

परिवर्तित खेती प्रणालीको सफलताले वैदेशिक रोजगारीमा रहेकाहरूलाई समेत स्वदेशमै भविष्य देखाएको छ । धनगढीमाई नगरपालिका-१० की अनिता महतोले यही सिजनमा तीन कट्ठामा लगाएको काउली बेचेर रु एक लाखभन्दा बढी आम्दानी गरेको बताउनुभयो । उहाँको यो प्रगति देखेपछि वैदेशिक रोजगारीमा रहनुभएका श्रीमान् जागेश्वर महतो घर फर्किएर कृषिमा साथ दिइरहनुभएको छ ।

जागेश्वर भन्नुहुन्छ, "बिजुलीको झन्झट छैन, इन्धनको खर्च जोगिएको छ । घाम लागेसम्म पानीको चिन्ता हुँदैन । प्लास्टिकको घर ९टनेल० भित्र गरिएको खेतीले असिना र अत्यधिक तापक्रमबाट बाली जोगाएको छ । यसले परिवारको आम्दानी मात्र होइन, आत्मनिर्भरता पनि बढाएको छ ।"

आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल'ले जलवायुमैत्री गाउँ परियोजनामार्फत सहयोग गरिरहेको छ । 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले किसानलाई पाठशाला सञ्चालन गर्नेदेखि कृषि सामग्री उपलब्ध गराउनेसम्मका काम गरिरहेको संस्थाका लक्ष्मीपुर पतारीका 'फिल्ड सुपरीवेक्षक' उमेश नन्दन चौधरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार किसानलाई माटो बचाउँदै खेती गने प्रणालीबारे सिकाइएको छ । पालिकाका छमध्ये पाँच वटा वडामा महिला कृषक समूह गठन गरी गोठ सुधार कार्यक्रम, गँड्यौला मल उत्पादन तथा बोरिङ, फोहोरा सिँचाइ, आधुनिक चुलो र जलवायुमैत्री बीउबिजन वितरण गरिएको छ ।

यस्तै, धनगढीमाई नगरपालिकाका क्षेत्रगत सुपरिवेक्षक रबिन साहले पनि नमूना किसान समूह निर्माण गरी किसानलाई यस प्रविधितर्फ आकर्षित गरिएको जानकारी दिनुभयो ।

परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र

बाकी पष्ठ ३......

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीाका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको

गौशाला नगरपालिका, महोत्तरी मधेश प्रदेश






# जलवायुमैत्री कृषिमार्फत चुनौतीका....................

सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ। यी छ वटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ काम भइरहेको उहाँले बताउनुभयो।

"हरित गृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्ने र महिलाको कार्यबोझ कम गर्दै क्षमता अभिवृद्धि गर्ने परियोजनाको मुख्य उद्देश्य हो", थापा भन्नुहुन्छ, "यस प्रदेशमा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्न हामीले ७० प्रतिशत संस्थाको र ३० प्रतिशत स्थानीय किसानको लागत साझेदारीमा काम गरिरहेका छौँ। यसले किसानमा अपनत्वको बोध पनि गराइरहेको छ।"

उहाँका अनुसार, हालसम्म यी पालिकाहरूमा ५१८ घरधुरी लाभान्वित हुने गरी ९३ वटा भूमिगत सिँचाइ प्रणाली ९बोरिङ० जडान गरिएका छन् भने ५०० वटा महिला समूह क्रियाशील छन्।

उत्पादनको बजारीकरणका लागि पनि यहाँ योजनाबद्ध रूपमा काम भइरहेको छ। हाल सिरहाको लक्ष्मीपुर पतारीमा कृषक समूहले मानकीदेवी मोची र गीतादेवी मण्डललाई तरकारी बिक्रीको जिम्मा दिएर उत्पादनको उचित बजार र मूल्यका लागि प्रयास गरिएको छ। "उपभोक्ताले ढुक्कसँग अर्ग्यानिक तरकारी किन्न पाएका छन्। फलानो ठाउँको तरकारी भनेपछि अहिले सबैले रासायनिक मल र विषादी नहालेको भनेर चिनिहाल्छन्", परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत थापाले भन्नुभयो।

उहाँका अनुसार जलवायुमैत्री कृषि प्रणालीले मुख्यतया तीनवटा कुरामा जोड दिन्छः पानीको उचित व्यवस्थापन, माटोको स्वास्थ्य सुधार र अनुकूलित बीउको प्रयोग। थापा भन्नुहुन्छ, "यो प्रणाली अपनाउँदा उत्पादन लागत ३० देखि ४० प्रतिशतसम्म घट्छ र प्रतिकूल मौसममा पनि उत्पादनलाई स्थिर बनाउन मद्दत पुग्छ।"

जलवायुमैत्री कृषिको महत्त्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ। सरकारले भर्खरै सार्वजनिक गरेको 'शासकीय सुधारका १०० कार्यसूची' मा समेत माटोमा कार्बन बढाउने विषयलाई समेटेको छ। माटोमा कार्बनको सञ्चिति बढ्दा पोषक तत्वहरूको चुहावट कम हुने, सिँचाइपछि लामो समयसम्म चिस्यान कायम रहने र जराको फैलावटमा वृद्धि हुने गरेको जानकारहरू बताउँछन्। यसले माटोमा हावाको सञ्चार राम्रो बनाउनाका साथै सूक्ष्म जीवहरूको स‌ङ्ख्या बढाई पारिस्थितिकीय प्रणालीमा खाद्य चक्र सन्तुलन राख्छ, जसले अन्ततः माटोको भौतिक, रासायनिक र जैविक गुणमा सुधार ल्याई जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याउने गरेको सुपरिवेक्षक साहले बताउनुभयो।

खडेरी र कीराको प्रकोप जस्ता समस्या झेल्दै आएका यहाँका किसानका लागि 'जलवायुमैत्री कृषि' पद्धति 'वरदान' साबित हुँदै गएको छ। यद्यपि, सबै किसानसम्म यी प्रविधि पुगेका छैनन्। अग्रणी किसानको सफलताले अन्य कृषकलाई पनि यसतर्फ लाग्न प्रेरित भने गरिरहेको छ। रासस

# जलवायु परिवर्तनको मार ............................

संस्थाका अध्यक्ष भुलन सेन ठकुरी स्वीकार गर्नुहुन्छ। "मुहानमा पानी घटेपछि ट्याङ्की भरिन समय लाग्छ, जसले वितरणमा समस्या देखिन्छ," उहाँले भन्नुभयो।

पछिल्लो डेढ दशकमा मधेसका धेरै बस्तीमा पानीका परम्परागत स्रोत–इनार, जरुवा, पोखरी–सुक्दै गएका छन्। नदी तथा खोल्सा-खोल्सीको पानी सङ्कलन गरेर वितरण गर्ने प्रणालीमा निर्भर बस्तीहरू गर्मीयाममा झन् प्रभावित हुने गरेका छन्। गत वर्ष कतिपय गाउँमा पानीको चरम अभाव भएपछि ट्याङ्करमार्फत पानी आपूर्ति गर्नुपरेको थियो।

विज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण वर्षा चक्र अनियमित हुँदै गएको छ भने तापक्रम वृद्धि हुँदा पानीका स्रोत चाँडै सुक्ने प्रवृत्ति बढेको छ। महोत्तरीको भङ्गाहा निवासी चुरे तथा जलाधार विषयमा विद्यावारिधि गर्नुभएका डा. विजयकुमार सिंह भन्नुहुन्छ, "मधेसको पानीको मुख्य स्रोत चुरे नै हो, यसको संरक्षणबिना समस्या समाधान सम्भव छैन।"

डा. सिंहका अनुसार चुरे, वन क्षेत्र र जलाधार संरक्षण, पुनर्भरण पोखरी निर्माण तथा नदी व्यवस्थापनमा तीनै तहका सरकारबीच समन्वय आवश्यक छ। स्थानीय तहले स्पष्ट नीति र प्रभावकारी कार्यान्वयन नगरेसम्म समस्या झन् जटिल बन्ने चेतावनी विज्ञहरूको छ।

मधेश प्रदेशमा वन क्षेत्र सीमित हुँदै गएको र व्यापक अतिक्रमण भइरहेकाले पनि पानी संकट गहिरिँदै गएको छ। वन तथा वातावरण मन्त्रालयका तथ्याङ्कअनुसार हजारौँ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ, जसले जलचक्रमा प्रत्यक्ष असर पारिरहेको छ।

मधेशको कुल क्षेत्रफलमध्ये २४.७८ प्रतिशत मात्र वन क्षेत्रले ओगटेको छ भने अधिकांश वन चुरे क्षेत्रमै छन्। मधेशमा चुरे अतिक्रमण अचाक्ली छ। प्रदेशका १३६ पालिकामध्ये ८४ वटा स्थानीय तहमा वन क्षेत्र नै छैन। मधेस सरकारको वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कले वन अतिक्रमणको भयावह चित्र देखाउँछ। आर्थिक वर्ष २०८०/०८१ को तथ्याङ्कअनुसार मधेशको पाँच हजार ६९२.१५ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये सबैभन्दा बढी रौतहटमा ३ हजार १९०.५२ हेक्टर अतिक्रमणमा परेको मन्त्रालयले जनाएको छ।

मधेशका १३६ वटै पालिका वनमा आश्रित भए पनि सबै पालिकामा वन छैन। सप्तरीका १८ मध्ये ८ पालिकामा वन क्षेत्र छ भने सिरहाका १७ मध्ये ११, धनुषाका १८ मध्ये ४, महोत्तरीका १५ मध्ये २, सर्लाहीका २० मध्ये ७, रौतहटका १८ मध्ये ५, बाराका १६ मध्ये ३ र पर्साका १४ मध्ये ७ वटा पालिकामा मात्र वन छन्।

सामुदायिक वन उपभोक्ता महासंघ मधेश प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माका अनुसार सरकारले वनलाई आर्थिक विकासका मेरुदण्ड मानिने कृषि, पर्यटन, जलस्रोत र उद्योग आदिको आधारस्तम्भका रूपमा लिए पनि व्यावहारिक कार्यान्वयन गर्न नसक्दा समस्या विकराल बन्दै गएको छ। उहाँले भन्नुभयो, "मधेशका कतिपय जिल्लामा पानीकै क्षेत्रमा काम गर्ने भू-तथा जलाधार व्यवस्थापन कार्यालयलगायत कैयौँ निकाय छन्। तर, ती निकायले प्रभावकारी काम गर्न नसक्दा समस्या थप जटिल बन्दै गएको छ।"

सामुदायिक वन उपभोक्ता महासंघ महोत्तरीका अध्यक्ष कुमार घिमिरेका अनुसार, "वन विनाश र अवैध उत्खनन नियन्त्रण गर्न सके तथा जलाधार क्षेत्रमा संरक्षणका काम अघि बढाए पानीको समस्या धेरै हदसम्म समाधान हुन सक्छ।"

जलवायु परिवर्तन, प्राकृतिक स्रोतको दोहन र कमजोर व्यवस्थापनको संयुक्त प्रभावका कारण मधेसमा खानेपानी सङ्कट अब मौसमी मात्र नभई दीर्घकालीन चुनौतीका रूपमा देखिन थालेको छ। विशेषज्ञहरूले समयमै प्रभावकारी नीति, संरक्षण र दिगो व्यवस्थापनमा ध्यान नदिए भविष्यमा अवस्था झन् भयावह बन्न सक्ने चेतावनी दिएका छन्।

चुरे क्षेत्र र यहाँका जलाधार क्षेत्रको संरक्षण तथा नदीमा हुने अनियन्त्रित दोहन नियन्त्रणको नेतृत्व स्थानीय तहले नलिएसम्म समस्या झन् बढ्दै जाने चुरे विज्ञ डा. विजय सिंहको भनाइ छ।

सूचना ! सूचना !! सूचना !!!
राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम
कार्यक्रम वर्षमा २ पटक सन्चालन हुन्छ ।
स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार


मिति: २०८३ बैशाख ६ र ७ गते (कार्यक्रम सन्चालन हुने मिति)
स्थान: नजिकैको महिला स्वास्थ्य स्वंयसेविक (आफ्नो स्वास्थ्य संस्था / केन्द्रको नाम) किउल स्वास्थ्य चौकी
लक्षित समूह: ६ महिना देखि ५ वर्ष सम्मका सबै बालबालिका
यो कार्यक्रम वर्षमा २ पटक सञ्चालन हुन्छ । कार्तिक र बैशाख महिना

भिटामिन 'ए' खुवाउने तालिका

| उमेर समूह | भिटामिन 'ए' को मात्रा |
|---|---|
| ६ महिना मुनिका | भिटामिन 'ए' नखुवाउने |
| ६ महिना देखि ११ महिना सम्म | आधा (½) क्याप्सुल |
| १२ महिना देखि ५ वर्ष सम्म | १ (एक) क्याप्सुल |

भिटामिन 'ए' ले आँखाको ज्योति, रोग प्रतिरोधात्मक क्षमता र बालबालिकाको वृद्धि–विकासमा महत्वपूर्ण भूमिका खेल्छ ।

जुकाको औषधि (Albendazole) खुवाउने तालिका

| उमेर समूह | जुकाको औषधि (Albendazole) को मात्रा |
|---|---|
| १२ महिना मुनि | नखुवाउने |
| १ वर्ष देखि २ वर्ष सम्म | आधा (½) चक्की |
| २ वर्ष देखि ५ वर्ष सम्म | १ (एक) चक्की |

जुकाको औषधिले पेटका किरा हटाउँछ र बालबालिकालाई कुपोषण, रगतको कमी, पेट दुख्ने, झाडापखाला जस्ता समस्याबाट बचाउँछ ।

महत्वपूर्ण जानकारी
- यो कार्यक्रम वर्षमा २ पटक (कार्तिक र बैशाख महिना) सच्चालन हुन्छ ।
- आफ्नो बालबालिकालाई नजिकको महिला स्वास्थ्य स्वंयसेविका वा तोकिएको केन्द्रमा अनिवार्य रुपमा ल्याउनुहोस् ।
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार मात्रा खुवाउने, खुवाएपछि बच्चालाई खान र पिउन दिन सकिन्छ ।

आफ्ना बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाऔ, स्वस्थ राखौं, खुसी बनाऔं ।
गौशाला नगरपालिका,महोत्तरी,मधेश प्रदेश

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।
मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।
त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।
गौशाला नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षो नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल
- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# ‘ह्विलचेयरले दियो खुसी’



टक नेपाल

पछिल्ला तीन वर्षयता कैयौँ चाडपर्व आए र गए, तर पक्षघातले थलिएका महोत्तरी बर्दिबास-११ खयरमाराका ६६ वर्षीय पूर्णबहादुर भुजेललाई कुनै उल्लासले छोएन। तर यसपालिको नयाँ वर्ष २०८३ को सुरुवात भने उनका लागि जीवनकै एउटा खुसीको मोड बनेको छ।

मधेस क्षेत्रमा नयाँ वर्षको अवसरमा मनाइने जुडशीतल पर्वको पहिलो दिन मंगलबार भुजेलले घुमफिरका लागि 'ह्विलचेयर' उपहार पाएका छन्। लायन्स क्लब अफ बर्दिबास समाजले बस्तीमै पुगेर उनलाई सो सहयोग उपलब्ध गराएपछि उनले भावुक हुँदै भने, ''हातगोडा नचल्ने भएर तीन वर्षदेखि थला परेको थिएँ, अब यही ह्विलचेयरमा घर ओरपर डुल्न पाउने भएँ। सहयोगीहरूलाई धेरै आभार छ।''

भुजेल मात्र होइन, सोही बस्तीका १३ वर्षीय जनम दियाली र ३५ वर्षीय खुपबहादुर थापाको जीवनमा पनि यसपालिको नयाँ वर्षले आशाको सञ्चार गराएको छ। दुर्घटनामा परेर दुवै गोडा गुमाएपछि १५ वर्षदेखि एउटै ठाउँमा कुँजिएर बसेका थापाले ह्विलचेयर पाएपछि आफ्नो जीवनको बोझ हलुका भएको महसुस गरे। ''अहिले त नयाँ वर्षले जीवनमा नयाँ आशा ल्याएको छ, अब वरपर जान सहज हुनेछ,'' थापाले खुसी साटे।

# ग्रामीण चलचित्र महोत्सवको तयारी

टक नेपाल

पहिलो पटक मधेश प्रदेशको सर्लाहीमा आयोजना हुन लागेको नेपाल ग्रामीण चलचित्र महोत्सवको तयारी सुरु गरिएको छ । आयोजक सेलिब्रेटी नेपाल प्रतिष्ठानले बिहीबार पत्रकार सम्मेलन आयोजना गरी वैशाख १५, १६ र १७ गते सर्लाहीको चन्द्रनगर गाउँपालिकामा हुन लागेको पाँचौं नेपाल ग्रामीण चलचित्र महोत्सवबारे जानकारी दिएको हो ।




महोत्सवमा ग्रामीण परिवेशमा बनेका सर्ट फिल्म, डकुमेन्ट्री, फिचर फिल्म र विभिन्न भाषाभाषीका चलचित्र प्रदर्शन गर्न लागिएको आयोजक संस्थाका अध्यक्ष रघुनाथ सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार वैशाख १५ गते स्थानीय तथा राष्ट्रिय कलाकारबाट सांस्कृतिक प्रस्तुतिसहित तीन दिनको कार्यक्रममा चलचित्र प्रदर्शनी, चलचित्र क्षेत्रका विज्ञसँग अन्तरक्रिया र उत्कृष्ट चलचित्रलाई सम्मान गर्ने कार्यक्रमसमेत राखिएको बताउनुभयो ।

गोरखा, काभ्रे, रामेछाप र रसुवापछि अब पाँचौं संस्करणको चलचित्र महोत्सव गर्न लागिएको आयोजकले बताएको छ । मधेश प्रदेशमा भोजपुरी र मधेशी चलचित्र बढी रुचाउने दर्शकलाई अब नेपाली चलचित्रतर्फ पनि आकर्षित गर्ने उद्देश्य रहेको आयोजक संस्थाका अध्यक्ष सापकोटाले बताउनुभयो ।

यहाँ चलचित्र महोत्सव गरेपछि मधेशको पर्यटन प्रवर्धन र चलचित्रको छायाङ्कन गने थलोसमेत बनाउने उद्देश्य रहेको उहाँको भनाइ छ । चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले चलचित्र महोत्सवमार्फत गाउँपालिकाको सम्पदाको रूपमा रहेको नाढीमन तालको प्रचारप्रसार र प्रवर्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।


मधेश प्रदेशकै ठुलो प्राकृतिक र ऐतिहासिक नाढीमन तालमा देशभरका चलचित्रकर्मी ल्याएर चलचित्र महोत्सव गर्न पाउँदा खुसी लागेको महतोले पत्रकार सम्मेलनमा बताउनुभयो ।










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014